# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, वैशाख १४ गते, २०८० साल (संख्या ३

## भाग २

### नेपाल सरकार

### भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको

### सूचना

नेपाल सरकारले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७८ ले दिएको अधिकार प्रयोग गरी सो ऐनको अनुसूची-२ को भाग-२ अन्तर्गत द्रष्टव्य खण्डको बुँदा नं ११ र १२ को सट्टा देहायका बुँदा नं. ११ र १२ राखी हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ:-

"११. स्टिल (क्लास ४.८) को गोलो टाउको भएको अन-हार्डेन्ड, मेसिन वन वे स्क्रु एउटा सवारी साधनको लागि आठवटा सम्म हुनु पर्नेछ ।

१२. इम्बोस्ड सवारी नम्बर प्लेटमा रहने अक्षर र अङ्क नेपाल सरकारले निर्णय गरे बमोजिम देवनागरी लिपि वा अङ्ग्रेजी लिपि वा दुवै लिपिको मिश्रितमा हुनु पर्नेछ।"

आज्ञाले,

**केशव कुमार शर्मा**

**नेपाल सरकारको सचिव ।**